श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३० सालको ऐन नं. ११

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### कृषि विकास बैंक ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– कृषि विकास बैंक ऐन, २०२४ (यसपछि मूल ऐन भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "कृषि विकास बैंक (दोस्रो संशोधन) ऐन, २०३०" रहेको छ ।

(२) यो ऐन २०३० साल श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा २ मा संशोधनः– मूल ऐनको दफा २ को खण्ड (ड) पछि देहायको खण्ड (ढ) र (ण) थपिएको छः–

(ढ) "ग्राम समिति" भन्नाले भूमि सम्बन्धी ऐन, २०२१ अन्तर्गत गठित ग्राम समिति सम्झनुपर्छ ।

(ण) "मोही" भन्नाले भूमि सम्बन्धी ऐन, २०२१ अन्तर्गतको मोही सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल एनको दफा ६ मा संशोधनः– मूल ऐनको दफा ६ को उप-दफा (१) र (५) को सट्टा देहायको उप-दफा (१) र (५) राखिएको छः–

(१) बैंकको एघार जना संचालक भएको एक समिति हुनेछ । सो समितिमा देहायमा लेखिएबमोजिमका सदस्य हुनेछन्ः–

(क) राष्ट्र बैंकले मनोनीत गरेको एकजना प्रतिनिधि– सदस्य

(ख) नेपाल बैंक लिमिटेडले मनोनीत गरेको एकजना प्रतिनिधि– सदस्य

(ग) राष्ट्रिय वाणिज्य बैंकले मनोनीत गरेको एकजना प्रतिनिधि– सदस्य

(घ) श्री ५ को सरकारले मनोनीत गरेको सहकारी संस्थाको एकजना प्रतिनिधि– सदस्य

(ङ) नेपाल किसान संगठनको केन्द्रीय समितिले सिफारिश गरेको एकजना प्रतिनिधि– सदस्य

(च) श्री ५ को सरकारले शेयर होल्डरहरू मध्ये मनोनीत गरेका दुईजना प्रतिनिधिहरू– सदस्य

(छ) श्री ५ को सरकारले मनोनीत गरेको चारजना व्यक्तिहरू– सदस्य

(५) पदावधि समाप्त हुनुभन्दा अगावै कुनै संचालकको पद रिक्त भई सो पदमा मनोनीत हुने संचालकको मनोनयन साविकवालाको बाँकी अवधिको निमित्त हुनेछ ।

४. मूल ऐनको दफा १० मा संशोधनः– मूल ऐनको दफा १० को दोस्रो हरफमा रहेको "वा निर्वाचित" भन्ने शब्द झिकिएको छ ।

५. मूल ऐनको दफा १८ मा संशोधनः– मूल ऐनको दफा १८ को उप-दफा (२) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः–

(क) कृषि विकासको लागि अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन ऋण कुनै व्यक्ति, सहकारी संस्था, ग्राम समिति, संगठित संस्था तथा आफूले मोहियानी हक पाई जोती आएको जग्गा खरीद गर्न मोहीलाई तोकिएको शर्तबमोजिम दिइनेछ । यसरी ऋण दिंदा सहकारी संस्था र ग्राम समितिलाई बिना कुनै धितो तथा अन्य व्यक्ति वा संस्थालाई चल–अचल सम्पत्ति धितो बन्धक लिई तोकिएको कृषि विकासको लागि तोकिएको किसिमको ऋण दिइनेछ ।

६. मूल ऐनको दफा १९ मा संशोधनः– मूल ऐनको दफा १९ को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएको छः–

(ङ) कुनै वित्तीय संस्था विघटित भई त्यसको जायज्यथा दायित्व समेत बैंकमा गाभिन आएमा सो संस्थाको जायज्यथा ।

लालमोहर सदर मिति– २०३०।५।१५।६

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।